# त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र संकाय
## परीक्षा नियन्त्रण महाशाखा
बल्खु, काठमाडौं, नेपाल

मिति: २०८२।२।१३

**स्नातक तह (BICTE/B.Ed. ICTE & SNE) पाँचौं र आठौं सेमेस्टरको परीक्षा आवेदन फारम भर्ने/भराउने सम्बन्धी सूचना**

यस संकायअन्तर्गत सेमेष्टर प्रणालीमा आधारित **स्नातक तह (BICTE/B.Ed. ICTE & SNE) पाँचौ र आठौं सेमेस्टरको** यही २०८२ साल असार/श्रावण महिनामा संचालन हुने नियमित तथा आंशिक/मौका परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुको परीक्षा आवेदन फारम अनलाइन (Online) मार्फत यही २०८२ साल जेठ २८ गतेसम्म भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । तोकिएको म्यादभित्र परीक्षा आवेदन फाराम भर्न छूट हुने विद्यार्थीहरुले यही २०८२ साल जेठ २९ गतेदेखि असार ३ गतेसम्म दोब्बर शुल्क तिरी परीक्षा आवेदन फाराम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पसले आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेको अनलाइन परीक्षा आवेदन फारम वापत संकलित रकम एकल दस्तुरको हकमा यही २०८२ साल जेठ २९ गते तथा दोब्बर दस्तुरको हकमा यही २०८२ साल असार ४ गते सम्ममा बैंक दाखिला गरी यही २०८२ साल असार ५ गतेसम्म अनलाईन परीक्षा आवेदन फाराम रुजु गरी प्रमाणित (Verify) गर्नुपर्नेछ ।

**पुनश्च:**

- यस संकायको वेभसाइट: tufoe.edu.np मा गई नियमित तथा आंशिक/मौका विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फारम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पस/कलेज/विभागले आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुलाई भौतिक रुपमा समेत परीक्षा फाराम भराउनु पर्नेछ ।
- ७२ ब्याचका विद्यार्थीहरुले मौका परीक्षाको फाराम भर्न सक्नेछन् ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. २५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । यसका साथै शिक्षण अभ्यास शुल्क वापत प्रति विद्यार्थी रु. ३००।- का दरले उठाई रु. १५०।- प्रति विद्यार्थीका दरले हुने रकम डीन कार्यालयको बैंक खातामा जम्मा गरी सोको सक्कल भौचर लेखा शाखामा बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- सम्बन्धित क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फारममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको भौतिक फाराममा तोकिएको ठाउँमा प्रविष्ट गरी यही २०८२ साल असार १० गतेसम्म डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ । साथै परीक्षा आवेदन शुल्क डीन कार्यालयको बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर पनि भौतिक परीक्षा फाराम साथै ल्याउनु पर्नेछ र डीन कार्यालयको लेखा शाखामा बुझाउनु पर्नेछ ।
- अनलाइन परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड् गर्नुपर्नेछ । अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।

सहायक डीन